annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १४५, पृष्ठ ८ | काठमाडौं, सोमबार ६ असोज २०८२ | आश्विन शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११४२ | MONDAY, SEPTEMBER 22, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



पालमुनि बन्दी प्रत्यक्षीकरणको मुद्दा सुनुवाइ हुँदै ।
● राजकरण महतो

कभर स्टोरी

# पालमुनि बलिरहेछ, न्यायको दियो

खण्डहर बनेको छ, भव्य भवन। फैसला गर्ने इजलास जलेका छन्। मुद्दाका मिसिल नष्ट छन्। कठघरा जलेर कोइला बनेका छन्। र, पनि सर्वोच्च अदालत पालमुनिबाट जनतालाई न्याय दिने प्रण गरिरहेको छ। जेन–जी आन्दोलनका क्रममा घुसपैठ र अराजक समूहले भौतिक संरचना र कागजात जलाएर नामेट पार्न खोजे पनि जस्तोसुकै परिस्थितिमा पनि जनतालाई न्याय दिन प्रतिबद्ध रहेको सन्देश छर्दैछ– सर्वोच्च अदालत।

राजकरण महतो | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष थापालाई मातृशोक



**काठमाडौं** (अन्नपूर्ण) : अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष क्याप्टेन रामेश्वर थापालाई मातृशोक परेको छ। उनकी आमा सूर्यकुमारी थापाको आइतबार बिहान काठमाडौंस्थित नेपाल प्रहरी अस्पताल, महाराजगन्जमा उपचारका क्रममा निधन भएको हो। स्वर्गीय सूर्यकुमारी दम र श्वासप्रश्वासबाट ग्रसित रहेको परिवारले जनाएको छ।

सूर्यकुमारीको वि.सं. १९९५ साउनमा जन्म भएको थियो। सूर्यकुमारीका दुई छोरा र चार छोरी छन्। जसमध्ये जेठा छोरा क्याप्टेन थापा हुन् भने कान्छा छोरा रमेश थापा नेपाल प्रहरीका एसएसपी हुन्। सूर्यकुमारीको आइतबार नै पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ।

जेन–जी आन्दोलन

## पूर्वन्यायाधीश कार्कीको नेतृत्वमा उच्चस्तरीय जाँचबुझ आयोग

**अन्नपूर्ण** | *काठमाडौं*

सरकारले जेन-जी आन्दोलनका क्रममा भएको घटनाको छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको छ। कार्की विशेष अदालतका पूर्वअध्यक्ष हुन्। आइतबार बसेको मन्त्रिपरिषद् बैठकले गत भदौ २३ र २४ को घटनाको छानबिन गर्न उच्चस्तरीय न्यायिक आयोग बनाउने निर्णय गरेको गृह तथा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए।

उनका अनुसार पूर्वन्यायाधीश कार्कीको संयोजकत्वमा बनेको आयोगको सदस्यमा पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी छन्। समितिलाई तीन महिनाको समय दिइएको छ। तीन महिनाभित्र समितिले जाँझबुझको प्रतिवेदन पेस गर्नुपर्नेछ। जेन–जी आन्दोलनका क्रममा ७४ जनाको मृत्यु भएको थियो। यस्तै, राष्ट्रपति कार्यालय, सिंहदरबार,



सर्वोच्च अदालत, संघीय संसद् भवनसहितका सरकारी संरचना, निजी भवन, उद्योग व्यवसाय तथा सञ्चार प्रतिष्ठानहरूमा आगजनी र तोडफोड भएका थिए। मन्त्रिपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यको सरुवा गर्दै मनोज सिलवाललाई नियुक्त गर्ने निर्णय पनि गरेको छ। शाक्यलाई जल तथा ऊर्जा आयोगमा सरुवा गरिएको छ।

प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) मनोज केसीलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को प्रमुखमा सरुवा गरिएको छ।

» बाँकी पृष्ठ ६

## ३७ हजार २६ उजुरी, आधाभन्दा बढी कर्मचारी प्रतिवादी

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार र अनियमिततासम्बन्धी दर्ता गरेका मुद्दाका प्रतिवादीमा आधाभन्दा बढी कर्मचारी छन्। अख्तियारले ७ सय ५३ प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको थियो। जसमा ३ सय ९२ कर्मचारी प्रतिवादी बनाइएका छन्। निर्वाचित जनप्रतिनिधि ४८ जनाविरुद्ध मुद्दा परेका छन्। राजनीतिक नियुक्ति १८, विभिन्न उपभोक्ता तथा व्यवस्थापन समितिका पदाधिकारीलगायत, संस्था र अन्य गरी २ सय ९५ रहेका छन्। कर्मचारीमा पनि विशिष्ट श्रेणीका १, सहसचिव वा सो सरहका २४ जनाविरुद्ध मुद्दा दर्ता भएका छन्।

त्यस्तै, उपसचिव वा सो सरह ५४ र शाखा अधिकृत वा सो सरह १ सय ७२ र सहायकस्तरका १ सय ४१ जना रहेका छन्। अख्तियारले आइतबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको प्रतिवेदनअनुसार अघिल्लो वर्ष ९ सय ४७ वटा फाइलहरूको विस्तृत अनुसन्धान सम्पन्न भएका थिए। जसमा १ सय ३७ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको छ। मुद्दा दर्ता भएमध्ये भ्रष्टाचारजन्य कसुरमा १ सय ३५ वटा र सम्पत्ति शुद्धीकरण कसुरमा २ वटा छन्। भ्रष्टाचारजन्य कसुरमा दायर



**राष्ट्रपति रामचन्द्र पौडेललाई वार्षिक प्रतिवेदन बुझाउँदै अख्तियार प्रमुख प्रेमकुमार राई।**

भएका मुद्दामध्ये सबैभन्दा बढी अर्थात् ३७ वटा मुद्दा घुस रिसवतसम्बन्धी रहेका छन्।

गैरकानुनी लाभहानिसम्बन्धी ३५ वटा, झुटा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्तिको हानिनोक्सानीसम्बन्धी २४ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ८ वटा, र विविध विषयका ४ वटा मुद्दा रहेका छन्। जसमा ९४ जना महिला, ६ सय १९ जना पुरुष र ४० संस्था गरी कुल ७ सय ५३ प्रतिवादीविरुद्ध कैद, सजाय र जरिबानाका अतिरिक्त जम्मा ६ अर्ब १ करोड ८४ लाख ७२ हजार ६ सय ९२ रुपैयाँ ९३ पैसा बिगो मागदाबी लिइएको प्रवक्ता सहसचिव राजेन्द्रकुमार पौडेलले जानकारी दिए।

» बाँकी पृष्ठ ६

